चौविसे गाउँपालिका

# चौविसे गाउँ कार्यपालिकाको कार्यालय

राजारानी, धनकुटा

१ नं. प्रदेश, नेपाल

प.सं. ०७४।०७५
च.नं. : ६९६

मिति :२०७५।०१।१२

विषय :– सूचना प्रकाशन ।

प्रस्तुत विषयमा यस गाउँ कार्यपालिकाको मिति २०७५/०१/११ गतेको बैंठकले गाउँपालिकाभित्र नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी करारमा शिक्षक नियुक्ति गर्न करार, राहत अनुदान कोटा, सट्टा शिक्षक पदमा करार नियुक्ति गर्नका लागि विषयविज्ञ (रोष्टर) को लागि सूचना प्रकाशित गर्ने निर्णय गरे अनुसार तपसिल बमोजिमका योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायअनुसार शुल्क बुझाई विषयविज्ञ (रोष्टर) को सूचीमा सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

१.माध्यमिक तह कक्षा ९ र १२ का लागि विषयविज्ञ (रोष्टर) मा सूचीकृत हुन चाहने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी १ वर्षको सम्बन्धित तह वा माथिल्लो तहमा अध्यापन गरेको शैक्षिक अनुभव हासिल गरेको हुनुपर्नेछ ।

२.आधारभूत तह कक्षा ६-८ का लागि विषयविज्ञ (रोष्टर) मा सूचीकृत हुन चाहने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी १ वर्षको सम्बन्धित तह वा माथिल्लो तहमा अध्यापन गरेको शैक्षिक अनुभव हासिल गरेको हुनुपर्नेछ ।

३ आधारभूत तह कक्षा १-५ का लागि विषयविज्ञ (रोष्टर) मा सूचीकृत हुन चाहने उम्मेदवारको शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण गरी १ वर्षको सम्बन्धित तह वा माथिल्लो तहमा अध्यापन गरेको शैक्षिक अनुभव हासिल गरेको हुनुपर्नेछ ।

४. माध्यमिक तहमा कक्षा ९ र १० का लागि विषयविज्ञ (रोष्टर) मा सूचीकृत हुन चाहने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी १ वर्षको सम्बन्धित तह वा माथिल्लो तहमा अध्यापन गरेको शैक्षिक अनुभव हासिल गरेको नपाइएमा विषयविज्ञ (रोष्टर) मा सूचीकृत हुन चाहने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी १ वर्षको सम्बन्धित तह वा माथिल्लो तहमा अध्यापन गरेको शैक्षिक अनुभव हासिल गरेको हुनुपर्नेछ ।

५. माध्यमिक तह कक्षा ९ र १२ का लागि विषयविज्ञ (रोष्टर) मा सूचीकृत हुन चाहने उम्मेदवारका लागि शुल्क रु. ५००।, आधारभूत तह कक्षा ६-८ का लागि विषयविज्ञ (रोष्टर) मा सूचीकृत हुन चाहने उम्मेदवार

१।१२
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं. ९८५२०६२४०२
इमेल : chaubisegapa@gmail.com

चौविसे गाउँपालिका

## चौविसे गाउँ कार्यपालिकाको कार्यालय

राजारानी, धनकुटा

१ नं. प्रदेश, नेपाल

प.सं. ०७४।०७५
च.नं. : 696

लागि शुल्क रु. ४००। र आधारभूत तह कक्षा १-५ को लागि विषयविज्ञ (रोष्टर) मा सूचीकृत हुन चाहने उम्मेदवार लागि शुल्क रु. ३००। मात्र ।

६. विषयविज्ञ (रोष्टर) को सूचीमा सूचीकृत हुन चाहने उम्मेदवारहरुले निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु :

| | |
|---|---|
| क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| ख. एस.एल.सी. उत्तीर्ण देखिको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि | १/१ प्रति |
| ग. शिक्षक अध्यापन अनुमति पत्रको प्रतिलिपि | १ प्रति |
| घ. शैक्षिक तालिमको प्रमाणपत्रको प्रतिलिपि | १/१ प्रति |
| ङ. शिक्षक नियुक्ति सिफारिस, नियुक्तिपत्रको प्रतिलिपि | १ प्रति |
| च. सूचीकृत हुन चाहने उम्मेदवारहरुले सम्बन्धित तह र विषयको पाठ्यक्रम अनुसारको प्रश्नपत्र | १ सेट |

२०७४।१।१२

.............................

(गोरखनाथ मिश्र)

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं. ९८५२०६२४०२
इमेल : chaubisegapa@gmail.com